# बुटवल उपमहानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
बुटवल, रुपन्देही
लुम्बिनी प्रदेश, नेपाल

फोन : ०७१- ५३००३५
E-mail: info@butwalmun.gov.np

प.सं. २०८२/०८३
च.न

मितिः २०८३/०३/३०

## राजश्व असुलीकार्य बन्द हुने सम्बन्धी सुचना

प्रस्तुत विषयमा बुटवल उपमहानगरपालिका नगरकार्यपालिका कार्यालयको मिति २०८३/०३/३० को कार्यालयस्तरीय निर्णय अनुसार चालु आर्थिक वर्ष २०८२/०८३ को खाताबन्दी तथा वार्षिक हिसाब मिलान कार्यका लागि बुटवल उपमहानगरपालिका नगरकार्यपालिकाको कार्यालय र मातहतका वडा कार्यालयमा मिति २०८३ असार ३२ गते दिनको १२ बजे पश्चात राजश्व संकलन कार्य बन्द गरिने भएकाले तिर्नु/बुझाउनुपर्ने कर तथा शुल्कहरु उक्त समयभित्र बुझाउनुहुन सम्पूर्ण करदाता तथा सेवाग्राहीहरुमा अनुरोध गरिन्छ ।
साथै उपमहानगरपालिकाको राजश्व संकलनका लागि प्रयोगमा रहेको SUTRA Revenue Module मा करका दर तथा शिर्षकहरु अध्यावधिक गर्नुपर्ने भएकाले २०८३ श्रावण १ र ४ गते नगरकार्यपालिका कार्यालयको राजश्व शाखा र मातहतका वडा कार्यालयमा राजश्व संकलन कार्य पूर्णतः बन्द रहने र मिति २०८३ श्रावण ५ गते मंगलबार देखि पूर्ववत सेवा सुचारु हुने व्यहोरा जानकारी गराइन्छ । यसबाट करदाता तथा सेवाग्राहीहरुमा पर्नजाने असुविधा प्रति नगरकार्यपालिकाको कार्यालय क्षमाप्रार्थी छ ।

दीपक ज्ञवाली
प्रमुख प्रशासकीय अधिकृत
सहसचिव

कार्यार्थः
श्री वडा कार्यालय(सबै), बुटवल उपमहानगरपालिका ।